नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।

मिति: २०७९/०७/१६ गते।

## प्रेस विज्ञप्ती- २५

## "वैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

कामरु कन्स्ट्रक्सन प्रा.लि.का संचालक प्रतिवादी राममणी दहालले मिति २०७७/०८/१५ गते उक्त कंपनीको नामको कुमारी वैंक लिमिटेडमा रहेको खाताबाट रकम भुक्तान हुने भनी उक्त बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनले वैंकिङ् कसूर मुद्दामा प्रतिवादी राममणी दहाललाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा १० (दश) दिन कैद र रु. ४०,००,०००/- (चालिस लाख रुपैंया मात्र) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई मिति २०७९/०७/१५ गते, गल्छी, धादिङ्बाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि आज ऐ. १६ गते सम्मानित ललितपुर जिल्ला अदालतमा पेश गरेकोमा सम्मानित अदालतबाट कैद भुक्तानको लागि आजै कारागार कार्यालय नख्खु, ललितपुरमा पठाईएको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| **प्रतिवादी:** | राममणी दहाल |
| **उमेर:** | ५१ बर्ष |
| **ठेगाना:** | जिल्ला नुवाकोट, बेलकोटगढी न.पा. वडा नं. ६ घर भई सोही स्थान स्थित कामरु कन्स्ट्रक्सन प्रा.लि. संचालन गर्ने |
| **मुद्दा:** | वैंकिङ् कसूर |
| **सजाय:** | १० (दश) दिन कैद र रु. ४०,००,०००/- जरिवाना |
| **फैसला मिति:** | २०७९/०५/०६ गते |
| **फैसला गर्ने** | उच्च अदालत पाटन |
| **पक्राउ मिति:** | २०७९/०७/१५ |
| **पक्राउ स्थान:** | गल्छी, धादिङ् |



प्रवक्ता तथा सूचना अधिकारी
(कमल थापा)
प्रहरी उपरीक्षक
सम्पर्क: ९८५१२९१३११